

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नै छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २१ गते बिहीबार ❑ 6 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरालाई पर्यटकीय राजधानीका रूपमा विकास गर्छु- मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक एवं सुन्दर नगरी पोखरालाई पर्यटकीय राजधानीकारूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

लेखनाथ उद्योग वाणिज्य सङ्घको २७ औँ संस्थापना दिवस तथा २६ औँ वार्षिकोत्सव कार्यक्रममा उहाँले पोखरालाई पर्यटकीय राजधानीको रूपमा विकास गर्न प्रचुर सम्भावना भएकै कारण आफ्नो ध्यान पोखरालाई पर्यटकीय राजधानी बनाउनेतर्फ केन्द्रित रहेको बताउनुभयो । स्वदेशी तथा विदेशी पर्यटकले खचाखच हुने पोखराका नौवटै तालको संरक्षण गर्दै ती काललाई पर्यटकीयरूपमा विकास गर्ने लक्ष्य आफ्नो रहेको कुरा उहाँले सुनाउनुभयो । पर्यटकलाई आकर्षण गर्न पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान भर्नका लागि छिमेकी मुलुक भारत र चीनसँग प्रधानमन्त्रीस्तरबाट पहल गर्न आफूले प्रधामन्त्रीलाई आग्रह गरेको जानकारी उहाँले दिनुभयो । गण्डकी प्रदेशको विकासका लागि पर्यटन क्षेत्रमा काम गर्ने सामाजिक सङ्घ संस्था उद्योग वाणिज्य सङ्घलगायतका सरोकारवालासँग सामूहिक कार्यक्रम सञ्चालन




गरी समस्याको पहिचान गर्दै यहाँको पर्यटन व्यवसायलाई लयमा फर्काउने सोचमा आफू रहेको उहाँले बताउनुभयो । उहाँले बुधबार लेखनाथ उद्योग वाणिज्य सङ्घद्वारा बेगनास ताल छेउमा निर्मित 'बेगनास लेक' लेखिएको लेटर बोर्डको अनावरणसमेत गर्नुभयो । सोही अवसरमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलेपोखरारलेखनाथबीचमा देखिएको असमझदारीलाई अन्त्य गर्दै पोखराको विकासका लागि सामूहिक भावनाले अगाडि बढ्न अनुरोध गर्नुभयो ।

विकास निर्माणका साथै नीति निर्माण र बजेट विनियोजनमा लेखनाथ र पोखराका वडाका बीच कुनै भिन्नता नभएको जिकिर उहाँको छ । पोखरा महानगरपालिकाको वडा नं ३३ र तनहुँको शुक्लागण्डकी नगरपालिकाको केही भू-भागलाई समेटर पुँडिटारमा नयाँ औद्योगिक क्षेत्र निर्माणको कार्य यसै वर्षदेखि कार्य सुरु गरिने जानकारी प्रमुख आचार्यले दिनुभयो ।

लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेयले लेउवा सङ्घ उद्योग व्यवसायीको संस्थामात्र नभई सबै जातजाति, सामाजिक सङ्घसंस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने संस्था रहेको जिकिर गर्नुभयो । लेखनाथ उद्योग वाणिज्य सङ्घले यस क्षेत्रमा पर्यटन विकासका लागि स्थानीय सरकार र प्रदेश सरकारसँग हातेमालो गर्दै विकासका योजना सञ्चालन गर्न चाहेको उहाँको भनाइ छ । लेखनाथ उद्योग वाणिज्य सङ्घका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्य, पूर्वअध्यक्ष चतुराखर अधिकारी, बागलुङ जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेल, लेउवा सङ्घका उपमहासचिव जानुका पराजुलीलगायतले आफ् ना भनाइ राख्नुभएको थियो । सङ्घले स्थापना दिवसको अवसर पारी सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत पोखरा-३२ को श्री राधाकृष्ण वृद्धाश्रमलाई रु एक लाखको अक्षयकोष स्थापना गर्ने आश्रमका अध्यक्ष प्रेम लिगललाई रकम हस्तान्तरण गरेको थियो ।

त्यसैगरी सङ्घलाई सहयोग गर्ने त्रिभुवन शान्ति माविलाई रु ५० हजार र व्यवसाय प्रवर्द्धन तथा सर्वेक्षण कार्यका लागि त्रिवेणी इन्टरनेशनल कलेजलाई रु ५० हजार, व्यवसायी कल्यणकारी कोषअन्तर्गत आगलागीबाट क्षति भोगेका सङ्घका सदस्य शोभामोहन सुवेदीलाई रु ५० हजार, पावर हाउस बजार व्यवस्थापन समितिलाई उज्यालो कार्यक्रमका लागि रु ४० हजार प्रदान गरिएको थियो । सोही अवसरमा सङ्घद्वारा प्रदान गरिने एक लाख एक हजार बराबरको नगद पुरस्कार राशि रहेको चन्द्रलक्ष्मी ज्येष्ठ नागरिक सम्मान पुरस्कारबाट ज्येष्ठ नागरिकको क्षेत्रमा कार्य गर्दै आउनुभएका पोखराका समाजसेवी भक्तराज श्रेष्ठलाई सम्मान गरिएको थियो ।

## दासढुङ्गा-मुग्लिन खण्डको तनहुँतर्फ निर्माण कार्य सुरु गर्न माग

**पोखरापत्र संवाददाता**
दमौली, २० असार

तनहुँको देवघाट गाउँपालिकाका जनप्रनितिधि र राजनीतिक दलका नेताहरूले दासढुङ्गादेखि मुग्लिनसम्म त्रिशूली नदीको किनारमा तनहुँतर्फ राष्ट्रिय राजमार्ग निर्माण गर्न माग गरेका छन् ।

तनहुँको देवघाट गाउँपालिका-५ का अध्यक्ष पूर्णबहादुर कुँवरको नेतृत्वमा नेकपा (एमाले) देवघाटका अध्यक्ष केशवचन्द्र न्यौपाने, स्थानीय समाजसेवी कुलचन्द्र न्यौपाने लगायतले सडक डिभिजन कार्यालय भरतपुरका प्रमुखलाई भेटी नारायणगढ-मुग्लिन सडकको विकल्पमा तनहुँतर्फ अर्को राजमार्ग निर्माण गर्न माग गर्नुभएको हो ।

नारायणगढ-मुग्लिन सडकमा हरेक वर्ष पहिराले दुःख दिन थालेपछि सरकारी तहबाट नै नारायणगढ-मुग्लिन सडकको विकल्प खोजिन थालिएको छ । उक्त सडकको पहिलो विकल्पमा पूर्वी नवलपरासीको गैंडाकोटदेखि तनहुँको देवघाट, दासढुङ्गा हुँदै मुग्लिनसम्म अहिलेको सडकपारि तनहुँतर्फ त्रिशूलीको किनारै किनारको नयाँ सडक निर्माण गर्न सकिने सम्भावना छ । सडक विभागले डिभिजन सडक कार्यालय भरतपुरलाई अहिलेको सडकपारि त्रिशूली किनारै किनार तनहुँतर्फ नयाँ सडक बनाउन सकिने गरी गृहकार्य सुरु गर्न निर्देशन दिएको डिभिजन सडक कार्यालयका डिभिजन प्रमुख रमेशप्रसाद पौडेलले जानकारी दिनुभयो । देवघाटका प्रतिनिधिसँगको भेटमा डिभिजन सडक कार्यालयकाका प्रमुख पौडेलले उक्त सडकको सर्भे र डिपिआरका लागि रु २० लाख विनियोजन गरिएको जानकारी गराउनुभयो । पूर्वी नवलपरासीको गैंडाकोटदेखि तनहुँको देवघाट, दासढुङ्गा हुँदै मुग्लिनसम्म सडक बनाउने गरी गृहकार्य सुरु भएको पौडेलले बताउनुभयो । सुरुमा नयाँ सडक बनाउनुपर्ने ठाउँलाई राष्ट्रिय सडक कायम गरिनुपर्ने भएकाले अहिले त्यो निर्णयको प्रस्ताव मन्त्रिपरिषद्मा लैजान टिप्पणी तयारीको काम भइरहेको उहाँको भनाइ छ ।

वैकल्पिक सडक बनाउन प्रस्ताव गरिएको गैंडाकोटदेखि मुग्लिनसम्म करिब ३८ किलोमिटरको दूरी पर्छ । त्यसमा पनि गैंडाकोटदेखि दासढुङ्गासम्मको १६ किलोमिटर अहिले पनि कालोपत्र सडक नै छ । अब दासढुङ्गादेखि मुग्लिनसम्मको २० किलोमिटर सडक बनाउने हो भने नारायणगढ-मुग्लिन सडककै कारण यात्रुले भोग्नुपरेको समस्या समाधान हुने विश्वास गरिएको छ ।

सडक डिभिजन कार्यालयका प्रमुखसँगको भेटमा देवघाटका जनप्रतिधि र राजनीतिक दलका नेताहरूले अहिले मुग्लिन-नारयणगढ सडकमा वर्षाको समयमा दिन दिनै पहिरो गएर ठूलो समस्या भोग्नुपरेको हुँदा वैकल्पिक सडक निर्माणका लागि तत्काल पहल थाल्न अनुरोध गरेको नेकपा (एमाले) देवघाटका अध्यक्ष न्यौपानेले जानकारी दिनुभयो । तनहुँको क्षेत्रमा अर्को राष्ट्रिय सडक निर्माण गर्न सकेमा हाल विकासमा निकै पछाडि परेको तनहुँको देवघाट तथा आँबुखैरेनी गाउँपालिकाका धेरै बस्तीलाई विकासको मूलधारमा ल्याउन सकिने देवघाट-५ का वडाध्यक्ष कुँवरको भनाइ छ । उक्त वैकल्पिक राजमार्गका बारेमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले सर्भे र डिपिआरका लागि बजेट विनियोजन गरि सर्भे र डिपिआरसमेत भइसकेको बताइएको छ ।

## सुत्केरीलाई घ्यू र अण्डा उपहार

**पोखरापत्र संवाददाता**
पर्वत, २० असार

जलजला गाउँपालिकाले सुत्केरीलाई घ्यू र अण्डा उपहार दिन थालेको थालेको छ । संस्थागत प्रसूति सेवा लिनेलाई प्रोत्साहन गर्दै घरमा हुने सुत्केरीलाई घटाउने, आमा र बच्चाको पोषण सुधारका लागि सन्देश प्रवाह गराउने उद्देश्यले घ्यू र अण्डा उपलब्ध गराइएको हो ।

चालु आर्थिक वर्षमा रु चार लाख बजेट विनियोजन गरिएको 'उपाध्यक्ष सुत्केरी पोषण कार्यक्रम'मार्फत संस्थागत सुत्केरी भएकालाई घ्यू र अण्डा वितरण गरिएको उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो । "विसं २०७९ साउनदेखि यही असार मसान्तसम्म स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई दुई क्यारेट अण्डा र एक माना घ्यू वितरण गर्ने कार्यक्रम छ", उहाँले भन्नुभयो, "पालिकाका-१, २, ३, ४, ७, ८ र ९ का करिब दुई सय सुत्केरीलाई


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## एसइई नतिजा प्रकाशनका लागि १६ संस्थाले पाए अनुमति

**रासस**
काठमाडौं, २० असार

माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा प्रकाशनका लागि १६ वटा संस्थाले अनुमति पाएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले १६ वटा संस्थालाई नतिजा उपलब्ध गराउन अनुमति दिएको परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले जानकारी दिनुभयो ।

नतिजा प्रकाशनका लागि रीतपूर्वक निवेदन दिएका १६ वटा र तीन वटा बोर्डकै संस्थाले बेवसाइट, एसएमएस र आइभीआरबाट नतिजा उपलब्ध गराउने अनुमित पाएका हुन् । यो वर्ष बोर्डका साथै नेपाल टेलिकम, एनआईसी एसिया बैंक, इडियु सञ्जाल, कान्तिपुर पब्लिकेशन्स, द कनेक्ट प्लस प्रालि, खल्ती प्रालि लगायतका संस्था/फर्मले वेबसाइटमार्फत नतिजा उपलब्ध गराउने छन् । यसैगरी नेपाल टेलिकम, जानकी टेक्नोलोजी प्रालि, इजी सर्भिस प्रालि, आकाश टेक प्रालि लगायतका पाँच वटा संस्था र फर्मले एमएमएस र आईभीआरमार्फत नतिजा उपलब्ध गराउनेछन् ।

बोर्डले एसइईको नतिजा प्रकाशनको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । शुक्रबारभित्रमा नतिजा प्रकाशन गर्ने गरी बोर्डले तयारी गरेको परीक्षा नियन्त्रक श्रेष्ठले बताउनुभयो ।

## बजेट गोरखा केन्द्रित छैन - मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले ल्याएको बजेट गोरखा केन्द्रित नभएको स्पष्ट पार्नुभएको छ ।

प्रदेशसभामा आगामी आव २०८०/८१ को बजेटको मन्त्रालयगत छलफलका क्रममा सदस्यहरूले उठाएका प्रश्नहरूको आज जवाफ दिँदै उहाँले पहुँचका आधारमा नभई आवश्यकताका आधारमा बजेट विनियोजन गरिएकोबताउनुभयो।"मैलेबजेटमा गोखरालाई पहिलो प्राथमिकतामा नराखिदिनुहोला भनेको थिएँ, आफ्नो सरकारले ल्याउने पहिलो बजेटमै यसको झल्को आउनुहुँदैन भन्नेमा म सचेत थिएँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "सङ्घ सरकारको बजेटमा पनि गोरखाको बढी चर्चा भएको सन्दर्भमा प्रदेशका माननीयज्यूहरूले अलिअलि विषय उठानुभयो, तर अवस्था त्यस्तो छैन, बजेट र योजना बाँडफाँट हेर्दा त्यो प्रष्ट हुन्छ ।"

बाहिर 'गोखरा बजेट' भनेर टिप्पणी भइरहँदा बजेटलाई लिएर आफ्नो गृहजिल्लाका नागरिकले गरेको गुनासो आफूलाई मात्र थाहा भएको उहाँले उल्लेख गर्नुभयो । "उल्टो मुख्यमन्त्री हुँदा पनि जिल्लालाई केही गर्न नसकेको आरोप ममाथि छ, सामाजिक सञ्जाललगायतबाट टिप्पणी भइरहेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो ।

उहाँले समग्र प्रदेशको समृद्धि, विकास, सुशासन र नागरिकको हकहितलाई केन्द्रमा राखेर बजेट ल्याइएको बताउनुभयो । "आत्मनिर्भर तथा समुन्नत प्रदेश, सम्मानित प्रदेशवासीको उद्देश्यमा बजेट केन्द्रित छ", उहाँले भन्नुभयो, "स्रोतको सीमितताका कारण बजेटको आकार पनि घट्यो, त्यसैले गर्दा सबै आवश्यकताको सम्बोधन गर्ने गरी बजेट विनियोजन गर्न सकिएन ।" मुख्यमन्त्री पाण्डेले बजेट निर्माणको परम्परागत शैलीलाई बदल्नुपर्ने धारणा राख्नुभयो । उहाँले आगामी वर्षदेखि प्रदेश सरकारले आयोजना बैंक स्थापना गर्ने र सोही आधारमा आयोजनाको छनोट र कार्यान्वयन गरिने बताउनुभयो । उहाँले विनीयोजन विधेयकका सम्बन्धमा प्रदेशसभा सदस्यले उठाएका प्रश्नको सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मुख्यमन्त्री पाण्डेले नेपालजस्तो देशमा जनप्रतिनिधिले नीतिनिर्माणको मात्र नभई विकास अभियानको पनि नेतृत्व गर्नुपर्ने बताउनुभयो । उहाँले राजनीतिक दललगायत सबै पक्ष मिलेर मात्र सङ्घीयतालगायतका उपलब्धिको रक्षा गर्न सकिने धारणा राख्नुभयो ।

मुख्यमन्त्री पाण्डेले स्वास्थ्य, शिक्षा, कृषि, सूचना प्रविधिलगायतका क्षेत्रमा प्रदेश सरकारले नवप्रवर्तनलाई जोड दिएको उल्लेख गर्नुभयो । वर्षौंदेखि रुग्ण रहेका र प्रदेश गौरवका आयोजनालाई गति दिइने बताउनुभयो । बैठकमा आर्थिक मामिलामन्त्री जीतप्रकाश आले मगर, सामाजिक विकास तथा स्वाथ्यमन्त्री सुशीला सिम्खडा, कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसी र ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले बजेटको मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनुभएको थियो । आजको प्रदेशसभा बैठकको शून्य समयमा प्रदेशसभा सदस्य श्यामराजा महतले मात्र बोल्नुभएको थियो ।

उहाँले शून्य समयमा सदस्यले उठाएका विषयको सम्बोधन नभएपछि सदस्यले बोल्न अरुचि देखाएको उल्लेख गर्नुभयो । विनियोजनविधेकयमाथिकोछलफल सकिएपछि बजेट पासको प्रक्रिया अगाडि बढ्नेछ । प्रदेशसभाको अर्को बैठक बिहीबार बिहान ११ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# प्रधानमन्त्रीले नेपाली जनतासामु माफी माग

प्रधानमन्त्री बनाउन व्यवसायी प्रितम सिंहले धेरै मिहिनेत गरेको र उनी पटक पटक यही कामका लागि दिल्ली धाएको बताएर प्रधानमन्त्री पुष्प कमल दाहाल विवादको भुमरीमा परेका छन । मनमा लागेको कुरा ओकल्दा म कुन पदमा छु र मलाई कस्ले प्रधानमन्त्री बनायो भन्ने विर्सेका छन । प्रधानमन्त्री प्रचण्डले आफ्नो नियत, चरित्र र लगाव आफ्नै मुखबाट उदाङ्गो पारेका छन । प्रधानमन्त्रीको अभिब्यक्तिका कारण संघीय संसदका दुवै सदन अवरुद्ध भएको छ । प्रमुख प्रतिपक्षी नेकपा एमाले लगायतका विपक्षीहरुले प्रधानमन्त्रीको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन । नेकपा एमालेले प्रधानमन्त्री प्रचण्डको राजिनामा माग गरेको छासत्तारूढ नेपाली काङ्ग्रेसका महामन्त्री विश्व प्रकाश शर्माले प्रधानमन्त्रीको अभिव्यक्तिप्रति विमति जनाएका छन ।

संसदमा दुईपटक विश्वासको मत दिएका सांसदहरूले कस्तालाई मत दिइएछ भनेर पश्चाताप गरेका छन।प्रधानमन्त्री बनाउन दिल्लीदेखि काठडमौंसम्म प्रितम सिंह हिँडेको बनेर दिएको दाहालको अभिव्यक्ति आम स्वाभिमानी नेपालीहरुका लागि सह्य विषय होइन । प्रधानमन्त्रीको उक्त विवादास्पद अभिव्यक्तिले नेपालको प्रधानमन्त्रीका लागि दिल्ली दर्गुनु पर्ने रहेछ भन्ने छाप दिन खोजीएको छ । दाहाल अहिले बसेको कुर्सी दिल्लीकै निगाहा पाएको भन्ने सन्देश दिन खोज्नु स्वाभिमानी नेपालीको शिर निहुराउन खोज्नु हो । देशको संविधान भन्छ, सार्वभौमसत्ता जनतामा निहित छ । तर देशका प्रधानमन्त्री स्वंयम पृतम सिंह आफूलाई प्रधानमन्त्री बनाउन धेरै पटक दिल्ली जानुभएको अभिव्यक्ति दिएर दिल्लीबाट प्रधानमन्त्री बनेको जस्तो गरि बोल्नु आपत्तिजनक हो । देशका प्रधानमन्त्रीको भनाइ मान्ने हो भने अब प्रधानमन्त्री बन्न जनताको घरदैलो होइन, दिल्ली नै धाउनुपर्छ । जब प्रधानमन्त्री बन्न दिल्ली चाहिन्छ भने दिल्लीबाट बनेका प्रधानमन्त्रीले जनताको सेवा गर्लान् या दिल्लीकै कारिन्दा ? गम्भीर प्रश्न खडा भएको छ ।

यसअघि पनि प्रधानमन्त्री प्रचण्डले आफ्नो नेतृत्वमा सरकार बन्दा भारतलाई पनि कर्न्फटेबल हुने अभिव्यक्ति दिएकै थिए । प्रधानमन्त्रीका यस्ता अभिव्यक्तिले उनी कस्का लागि काम गर्छन भनेर हरेक स्वाभिमानी नेपालीले सोच्ने बेला आएको छ । प्रधानमन्त्री कसले बनाउने ? प्रतिनिधिसभाको बहुमतअनुसार प्रधानमन्त्री निर्वाचित हुने हो की भारतले बनाउन हो ? सार्वभौम जनताबाट निर्वाचित सांसदले चुनेको प्रधानमन्त्रीबाट यस्तो अभिव्यक्ति आउनु नैतिक र संवैधानिक हिसाबले गम्भीर विषय हो । दाहालको यो किसिमको अभिव्यक्ति चरम राष्ट्रघात हो । प्रधानमन्त्रीको दाहालका यी भनाई देशद्रोह हो । हाम्रो दुर्भाग्य हो । सबैले थाहा भएकै विषय हो माओवादीले चलाएको सशस्त्र संघर्षताका प्रचण्डको सुरक्षित स्थल भारत नै थियो। यस हिसाबले प्रचण्डको भारत साइनो पुरानै हो । भारतकै भूमिमा १२ बुँदे सम्झौता गरी शान्तिपूर्ण राजनीतिमा आएका प्रचण्डले दिल्लीलाई कहिले प्रभु भन्थे भने कहिले कर्न्फटेबल सरकार बनाउने उद्घोष खुलम खुल्ला गरे । विवादास्पद नागरिकता विधेयक जारी गरेर दिल्ली पुगेका दाहालले भारतीय राजदूतकै अगाडी आफूलाई प्रधानमन्त्री बनाउन दिल्लीमा बिसाएको बिन्तीको यथार्थता खुलाउनु के उनको जिब्रो मात्र चिप्लिएको मात्र मान्न सकिएला र ?

धर्मलाई अफिम हो भन्दै हिँड्ने प्रचण्डले यत्तिखेर भारतका मन्दिरमा पुगेर गेरुवस्त्र लगाएर पूजा गरेकै थिए । हिजो भारत विरुद्ध सुरुङ युद्ध गरेको घोषणा गरेका दाहलले यत्तिखेर भारतलाई कर्न्फटेबल हुने सरकार चलाएकै थिए । भारतकै हितमा नागरिकता विधेयक जारी गरेर उनका प्रभुलाई रिझाएकै थिए । आफ्नो मुलुकको जमिनको पक्षमा उभिएका प्रधानमन्त्री ढालेर आखिर दाहाल कसको इशारामा काम गरिरहेका रहेछन् के प्रचण्डकै मुखबाट निस्किएका यी अभिव्यक्तिले पुष्टि हुँदै गएका छन । दाहालले भारतको यो हदसम्म चाकडी गर्नु उनको दलाल प्रवृत्तिको उत्कष्ठ भए पनि आम स्वाभिमानी नेपालीहरुका लागि सह्यै हुँदैन । संसदमा विश्वासको मत बिना प्रधानमन्त्री बन्दैन तर दिल्ली दगुरेर प्रधानमन्त्री भए भन्दै खुलम खुल्ला अभिव्यक्ति दिने प्रचण्डलाई के विश्वासको मत दिने सांसदहरुले स्पष्टीकरण माग्ने र गलत अभिव्यक्तिप्रति माफी मागेर अब आइन्दा सार्वभौमिकता र स्वाभिमान विपरीत नजाने वाचा गर्नुपर्छ ।

# दुई हप्तामै जडान भयो भुरुङ्गखोलामा बेलीब्रिज

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० असार

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकअन्तर्गत भुरुङ्गखोलामा दुई हप्तामै बेलीब्रिज जडान गरिएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ मा पर्ने भुरुङ्गखोलामा करिब रु ३५ लाखको लागतमा ३० मिटर लामो बेलीब्रिज जडान भएको बेनी-जोमसोम-कोरला सडक आयोजना प्रमुख जगत् प्रजापतिले बताउनुभयो । सडकअन्तर्गत मुस्ताङको लेतेखोलाको बेलीब्रिजलाई भुरुङ्गखोलामा स्थानान्तरण गरिएको हो । “भुरुङ्गखोलामा हालै आएको बाढीले त्यहाँ रहेको कल्भर्ट बगाएको थियो”, उहाँले भन्नुभयो, “बर्खायाममा बाढी आउँदा पनि बेनी-जोमसोम सडकमा यातायात सञ्चालनमा समस्या आउन नदिन तत्कालै बेलीब्रिज राखिएको हो ।” असार पहिलो साता सुरु गरिएको बेलीब्रिज जडानको काम सकिएर यातायातका साधन आवतजावत गर्न थालेका अन्नपूर्ण गाउँपालिकाका कार्यपालिका सदस्य वीरबहादुर पौडेलले जानकारी दिनुभयो । “कल्भर्ट बगाएपछि भुरुङ्गखोलामा बाढी आउँदा सवारीसाधन आवतजावत अवरुद्ध हुने समस्या थियो”, उहाँले भन्नुभयो, “म्याग्दी र मुस्ताङका बासिन्दाका साथै पर्यटक र तीर्थयात्री समस्यामा परेका थिए । बेलीब्रिज सञ्चालन भएपछि सहज भएको छ ।” लेतेखोलामा पक्की पुल बनेपछि त्यहाँको बेलीब्रिजको सामान सडक डिभिजन कार्यालय पोखरा लगिएको थियो। पोखराबाट बेलीब्रिजको पाटपुर्जा ल्याएर भुरुङ्गखोलामा राखिएको हो । बेनी-जोमसोम सडक आयोजनाले हालै बेनी नगरपालिका-८ कालीपुबाट पर्वतको जलजला गाउँपालिका २ र ३ बगरफाँट जोड्ने म्याग्दी नदीमाथि ४५ मिटर लामो बेलीब्रिज जडान गरेको थियो । गत फागुनमा रु दुई करोड चार लाखमा ठेक्का सम्झौता हिमालयन विल्डर्सले जेठमै बेलीब्रिज जडानको काम सकेर यातायात सञ्चालन भइसकेको छ । बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण-३ दानास्थित रुप्सेखोलामा ४५ मिटर लामो बेलीब्रिज जडानको काम अन्तिम चरणमा पुगेको छ । रुप्सेखोलामा बेलीब्रिज जडान र नजिकैको पहिरो हटाउन मुक्तिनाथ निर्माण सेवाले रु तीन करोड ५६ लाखमा ठेक्का सम्झौता गरेको थियो । असार महिनाभित्रै रुप्सेको बेलीब्रिजमा यातायातका साधन सञ्चालन हुने गरी तीव्रताका साथ जडानको काम भइरहेको बेनी-जोमसोम-कोरला सडक आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले बताउनुभयो ।

# लमजुङमा हराउँदै दुनाटपरी

**पोखरापत्र संवाददाता**
लमजुङ, २० असार

मौलिक रैथाने परम्परागतका दुनाटपरीको प्रयोग हुन छाडेसँगै लमजुङमा दुनाटपरी लोप हुन थालेको छ । बजारमा प्लास्टिकका थाल र पिलेटको प्रयोग बढ्न थालेकाले परम्परागतका दुनाटपरीको प्रयोग हट्दै गएको हो ।

प्लास्टिकबाट बनेका थाल/पिलेट प्रयोग गर्न सजिलो हुने, नयाँ पुस्तामा दुनाटपरी लगाउने सिपको कमी र दुनाटपरीप्रतिको बेवास्थाका कारण यसको प्रयोग हराउँदै गएको हो । विगतमा नेपाली समाजमा पूजाआजा, विवाह, व्रतबन्ध, श्राद्धलगायत शुभकार्यमा सालको पातको दुनाटपरीको प्रयोग गर्ने प्रचलन थियो । स्थानीय ९६ वर्षीय वृद्धा चिजकुमारी श्रेष्ठले पछिल्लो समयमा प्लास्टिकका भाँडाको प्रयोग बढेसँगै लमजुङका सहरबजारमा मात्र नभइ गाउँघरबाटै दुनाटपरी हराउँदै जाँदा चिन्ता लागेको बताउनुभयो ।

“गाउँघरमा केही सानो पूजा हुँदासमेत सालको पात चोखो हुन्छ भन्दै दुनाटपरी बनाएर प्रयोग हुन्थ्यो । गाउँघरमा सामूहिक रूपमा दुनाटपरी सिलाउँथ्ये । अहिले प्लास्टिकको भाँडाले गाउँघर ओगट्दा परम्परागत टुनाटपरीको प्रयोग हराउदै गएको छ”, दोर्दी गाउँपालिका-३ श्रीमञ्जाङका ७८ वर्षीय बुद्धिमान श्रेष्ठले भन्नुभयो । युवा पुस्तामा सिपको कमीका साथै चासो नदिँदा विस्तारै दुना टपरी हराउँदै गएको उहाँको भनाइ थियो ।

बैँसीसहर नगरपालिका वडा नं. ८ का ५३ वर्षीय दालमाया श्रेष्ठले सालको पातको दुना-टपरी शुद्धताको प्रतिक भएको बताउनुभयो । “सालको पातबाट बनेका दुनाटपरी कहिले पनि जुठो हुँदैन । यसको धार्मिक महत्व पनि छ”, उहाँले भन्नुभयो । पहिला आजपूजामा जतातते सालको टपरी प्रयोग गरेको देखिए पनि केही वर्षयता प्लास्टिकका भाँडाको प्रयोग बढ्दै गएको उहाँको भनाइ थियो । राइनास नगरपालिका-८ स्थित हर्राबोटकी ७२ वर्षीय लालमायाँ श्रेष्ठले भन्नुभयो, “पहिला-पहिला सालको पात टिपेर ल्याइ बाँसको सिन्काले दुनाटपरी गाँसिन्थ्यो । पूजाआजामा प्रसाद यसैमा राखि खाईन्थ्यो, बाँडिन्थ्यो । सहरबजारमा समेत टुनाटपरीको प्रयोग बढ्दो थियो ।” गाउँबाट टुनाटपरी बनाएर सहरका विभिन्न स्थानमा पुऱ्याउने गरिएको उहाँले बताउनुभयो । अहिले आफू नसक्ने र युवा पुस्ताको बेवास्ताका कारण पातका दुनाटपरीको सट्टा प्लास्टिकका भाँडा नै प्रयोग गर्नु परेको श्रेष्ठले गुनासो गर्नुभयो । सालको पातको दुनाटपरी बुन्न समय लाग्ने भएकाले पनि छिटो, छरितोका लागि प्लास्टिकका भाँडाको प्रयोग बढ्दै गएको उहाँको भनाइ थियो ।

प्लाष्टिकका भाँडाले परम्परागत दुनाटपरीलाई विस्थापित गर्न थालेपछि दुनाटपरी प्रयोग गर्ने परम्परा हराउँदै गएको दुनाटपरी व्यवसाय गर्दै आउनुभएका बैंसीसहर नगरपालिका-७ का दिलिप श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, “केही वर्षपहिलेसम्म पसलमा दुनाटपरी खोज्न आउने गरेकामा अहिले प्याष्टिकबाट बनेको थाल र पिलेटको माग गर्ने भएको पसलमा दुनाटपरी राख्न छाडेको छु।” सालको पातको टपरी बनाउन समय लाग्ने र टपरी बनाउन सिप पनि आवश्यक पर्ने स्थानीय बताउँछन् । दुनाटपरी बनाउन युवा पुस्ताले बेवास्ता गरेसँगै परम्परागत दुनाटपरी लोप हुँदै गएकामा वृद्धवृद्धा चिन्तित छन् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ सुइखेत सेरा पुल फेदी कृषि सडकएन. यू.एस. निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पार दर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : सुइखेत सेरा पुल फेदी कृषि सडकएन. यू.एस. निर्माण
**उपभोक्ता समिति**: सुइखेत सेरा पुल फेदी कृषि सडकएन. यू.एस. निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
**योजना सम्झौता मिति** : २०८०/०१/२९ गते
**योजना सुरू मिति** : २०८०/०१/३१ गते
**योजना सम्पन्न मिति** : २०८०/०३/१० गते
**महानगरपालिकाबाट** : रु. २०,००,०००/-
**जनसहभागिता** : रु ३,५५,९७१/३५
**जम्मा लागत** : रु २३,५५,९७१/३५

**रामचन्द्र सुवेदी**
**अध्यक्ष**
**सुइखेत सेरा पुल फेदी कृषि सडकएन. यू.एस. निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २० भलाम मौजा स्थित रयालेचौर टिमुरेचौर हुदैं वडा कार्यालय जाने सडक मर्मत गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः रयालेचौर टिमुरेचौर हुदै वडा कार्यालय जाने सडक मर्मत
ठेगानाः पोखरा-२०, भलाम मौजा
योजना सम्झौता मिति : २०८०/०२/२२ गते
योजना सुरुहुने मितिः २०८०/०२/२३ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. २०,००,०००/-
महानगरपालिकाबाट : रु. २०,००,०००/-
उपभोक्ता समिति अध्यक्षः लक्ष्मी प्रसाद पौडेल उपाध्यक्षः शान्ति सुनार, सचिवः बलराम थापा, कोषाध्यक्षः जमुना सुवेदी ईन्जिनियर दिप पोखरेल, सव ईन्जिनियर नरेश शाह

**रयालेचौर टिमुरेचौर हुदै वडा कार्यालय जाने सडक मर्मत उपभोक्ता समिति पोखरा-२०, भलाम मौजा**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ०७ स्थित श्री शिव पुष्परेश्वर मन्दिर मर्मत कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः श्री शिव पुष्परेश्वर मन्दिर मर्मत
ठेगानाः पोखरा-०७, मासवार
योजना सम्झौता मिति : २०८०/०१/०५ गते
योजना सुरुहुने मितिः२०८०/०१/०६ गते
योजना सम्पन्न मितिः २०८०/०३/१० गते
योजनाको कुल लागत : रु. ५,००,१५२/-
महानगरपालिकाबाट : रु. ५,००,१५२/-
जम्मा खर्च रकमः रु. ११,०४,४५४/-
अपुग रकमः रु. ६,०४,३०२/-
उपभोक्ता समिति अध्यक्षः पिताम्बर बराल
सचिवः नारायणी बराल, कोषाध्यक्षः टिकानिधी बराल

**श्री शिव पुष्परेश्वर मन्दिर मर्मत उपभोक्ता समिति पोखरा-७, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १९ स्थित वनपाले महेन्द्र मा.वि. बहुला मुल सडक नालासहित स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः वनपाले महेन्द्र मा.वि. बहुला मुल सडक नालासहित स्तरोन्नती
ठेगानाः पोखरा-१९, घार्मी
योजना शुरु मिति : २०८०/०१/२८ गते
योजना सम्पन्न मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. २२,००,०००/-
महानगरपालिकाबाट : रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.२,००,०००/-
उपभोक्ता समितिः अध्यक्षः मोहन बहादुर सुनार (मो.९८४६९८०५३७)
जम्मा सदस्य संख्याः ७ जना महिलाः ३ जना पुरुषः ४ जना

**वनपाले महेन्द्र मा.वि. बहुला मुल सडक नालासहित स्तरोन्नती उपभोक्ता समिति पोखरा-१९, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ३ स्थित धर्मशीला बुद्ध विहार स्मार्ट शौचालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः धर्मशीला बुद्ध विहार स्मार्ट शौचालय निर्माण
ठेगानाः पोखरा-३, धर्मशीला मार्ग, धर्मशीला बुद्ध विहार
योजना शुरु मिति : २०८०/०२/१२ गते
योजना सम्पन्न मितिः २०८०/०३/२० गते
योजनाको कुल लागत : रु. २७,००,०००/-
महानगर स्तरीय बजेटबाट : रु. २७,००,०००/-
कुल खर्च : रु. २७,२०,००२/-
उपभोक्ता समितिः अध्यक्षः विक्रम उदास, उपाध्यक्षः सरिता गुभाजु, सचिवः तेजेन्द्र शाक्य, कोषाध्यक्षः रुकु शाक्य,ः सदस्यः श्याम शाक्य, भरतराज शाक्य, कमला थापा, संगीता ब्रजाचार्य, गीता नेपाली, अनुगमन समितिः ई. दिपक पोखरेल, जनप्रतिनिधि सवि परियार

**धर्मशीला बुद्ध विहार स्मार्ट शौचालय निर्माण उपभोक्ता समिति पोखरा-३, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २० भलाम मौजा स्थित भकभके मसिनटारी रैकर पहिरो नियन्त्रण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः भकभके मसिनटारी रैकर पहिरो नियन्त्रण
ठेगानाः पोखरा-२०, भलाम मौजा
योजना सम्झौता मिति : २०८०/०२/२५ गते
योजना सुरुहुने मितिः २०८०/०२/२६ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. २१,५५,०००/-
महानगरपालिकाबाट : रु. २१,५५,०००/-
उपभोक्ता समिति अध्यक्षः आशिष कुमार पौडेल
उपाध्यक्षः सिमा के.सी., सचिवः चित्र ब. क्षेत्री, कोषाध्यक्षः शेषकान्त पौडेल
ईन्जिनियर दिप पोखरेल , सव ईन्जिनियर नरेश शाह

**भकभके मसिनटारी रैकर पहिरो नियन्त्रण उपभोक्ता समिति पोखरा-२०, भलाम मौजा**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २४ कास्कीकोट स्थित देउराली वि.क. गाउँ फुल्सेडाँडा मोटरबाटो स्तरोन्नती कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः देउराली वि.क. गाउँ फुल्सेडाँडा मोटरबाटो स्तरोन्नती
ठेगानाः पोखरा-२४, कास्कीकोट
योजना सम्झौता मिति : २०८०/०२/४ गते
योजना सुरुहुने मितिः२०८०/०२/५ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/२० गते
योजनाको कुल लागत : रु. ७,७७,७७७/७८
महानगरपालिकाबाट : रु. ७,००,०००/-
उपभोक्ता समिति अध्यक्षः पशुपति सुवेदी

**देउराली वि.क. गाउँ फुल्सेडाँडा मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-२४, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ मा तितेपानीमा खानेपानी टंकी निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : तितेपानी खानेपानी टंकी निर्माण
**उपभोक्ता समिति**: तितेपानी खानेपानी संरक्षण समिति, पोखरा-१७, कास्की
**योजना सम्झौता मिति** : २०८०/०२/२२ गते
**योजना सुरु मिति** : २०८०/०२/२३ गते
**योजना सम्पन्न मिति** : २०८०/०३/१९ गते
**महानगरपालिकाबाट** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु.५६,०००/-
**जम्मा लागत** : रु. ५,५६,०००/-
**अनुगमन समिति संयोजक** : सुरज खवास

**पदम बहादुर ढकाल**
**अध्यक्ष**
**तितेपानी खानेपानी संरक्षण समिति**
**पोखरा-१७, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ मा गौरीशंकर खेल मैदान स्तरोन्नती प्याराफिट निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : गौरीशंकर खेल मैदान स्तरोन्नती प्यारफिट निर्माण (क्रमागत)
**उपभोक्ता समिति**: श्री गौरीशंकर खेल मैदान निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
**योजना सम्झौता मिति** : २०८०/०१/२६ गते
**योजना सुरु मिति** : २०८०/०१/२७ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०२/३० गते
**महानगरपालिकाबाट** : रु. ४०,००,०००/-
**जनसहभागिता** : रु ७,११,०००/-
**जम्मा लागत** : रु ४७,११,०००/-

**इन्द्र बहादुर कुँवर (९८४६२६५४१४)**
**अध्यक्ष**
**गौरीशंकर खेल मैदान निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ फेवातालको बाँध नजिक देखि विश्वशान्ति स्तुपसम्म हाइकिङ ट्रेल निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : फेवातालको बाँध नजिकदेखि विश्वशान्ति स्तुपासम्म हाइकिङ ट्रेल
**योजनाको ठेगाना**: पोखरा १७ फेवातालको बाँधदेखि पोखरा २२ को शान्ति स्तुपसम्म
**उपभोक्ता समिति**: हाइकिङ रोड निर्माण समिति, पोखरा-२२
**योजना सम्झौता मिति** : २०८०/०२/११ गते
**योजना सुरु मिति** : २०८०/०२/१२ गते
**योजना सम्पन्न मिति** : २०८०/०३/१५ गते
**नेपाल पर्यटन वोर्डबाट** : रु. ५,००,०००/-
पोखरा महानगरपालिकाबाट : रु. १,२५,०००
**जम्मा लागत** : रु. रु. ६,२५,०००/-
**अनुगमन समिति संयोजक** कृष्ण कुमारी पौडेल देवकोटा
**अध्यक्ष** : दिनेश बराल

**हाइकिङ रोड निर्माण समिति,**
**पोखरा-२२, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ मा गौरीशंकर चौर गैरी बाटो तथा नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : गौरीशंकर चौर गैरी बाटो तथा नाला निर्माण
**उपभोक्ता समिति**: गौरीशंकर चौर गैरी बाटो तथा नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
**योजना सम्झौता मिति** : २०८०/०२/३२ गते
**योजना सुरु मिति** : २०८०/०३/०१ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०३/२० गते
**महानगरपालिकाबाट** : रु. १३,००,०००/-
**जनसहभागिता** : रु २,२९,६९५/३८
**जम्मा लागत** : रु १५,२९,६९५/३८

**तिलक प्रसाद पौडेल (९८५६००२२६८)**
**अध्यक्ष**
**गौरीशंकर चौर गैरी वाटो तथा नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १७ छोरेपाटन स्थित दामोदर खोला नमुना टोल तितेपानी भलपानी नियन्त्रण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः दामोदर खोला नमुना टोल तितेपानी भलपानी नियन्त्रण
ठेगानाः पोखरा-१७, छोरेपाटन
योजना सम्झौता मिति : २०७९/११/२५ गते
योजना सुरु भएको मितिः २०७९/१२/०१ गते
योजना सम्पन्न गर्नुपर्ने मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागतः रु. ५९,०६,२३०/९४
महानगरपालिकाबाटः रु. ५०,२०,०००/-
जनसहभागिताबाटः रु. ८,६२,२३०/९४
उपभोक्ता समिति अध्यक्षः उत्तम सिग्देल (मो.९८५६०३९७५०)
सदस्य संख्याः ११ जना महिलाः ४, पुरुषः ७ जना

**दामोदर खोला नमुना टोल तितेपानी भलपानी नियन्त्रण योजना उपभोक्ता समिति पोखरा-१७, छोरेपाटन**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ पोखरेलथोक स्थित गहतेरादेखि पोखरेलथोक जाने सडक पहिरो नियन्त्रण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः गहतेरादेखि पोखरेलथोक जाने सडक पहिरो नियन्त्रण
ठेगानाः पोखरा-२१, पोखरेलथोक
योजना सम्झौता मिति : २०८०/०२/२६ गते
योजना सुरु मितिः २०८०/०२/२७ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/०५ गते
योजनाको कुल लागत : रु. १०,००,०००/-
महानगरपालिकाबाट : रु. १०,००,०००/-
उपभोक्ता समिति अध्यक्षः भगवान पोखरेल (मो.९८४५७०४५५३)
सदस्य संख्याः ९ जना महिलाः ४, पुरुषः ५ जना
अनुगमन समिति संयोजकः नेत्र प्रसाद पोखरेल

**गहतेरादेखि पोखरेलथोक जाने सडक पहिरो नियन्त्रण उपभोक्ता समिति पोखरा-२१, पोखरेलथोक**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १७ छोरेपाटन स्थित सामुदायिक मार्ग कल्भर्ट तथा संगमचोक टारीखेत बाटो स्तरोन्नती कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः सामुदायिक मार्ग कल्भर्ट तथा संगमचोक टारीखेत बाटो स्तरोन्नती
ठेगानाः पोखरा-१७, छोरेपाटन, दामोदरकुना
योजना सम्झौता मिति : २०७९/११/२५ गते
योजना सुरु भएको मितिः २०७९/१२/०१ गते
योजना सम्पन्न गर्नुपर्ने मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागतः रु. २९,४१,४८२/८२
महानगरपालिकाबाटः रु. २५,००,२६०/४०
जनसहभागिताबाटः रु. ४,४१,२२२/४२
उपभोक्ता समिति अध्यक्षः कमल बहादुर रेग्मी
सदस्य संख्याः ९ जना महिलाः ४, पुरुषः ५ जना

**सामुदायिक मार्ग कल्भर्ट निर्माण तथा संगमचोक टारी बाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-१७, छोरेपाटन**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ को बयली आधारभुत विद्यालयमा घेराबार कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : बयली आधारभुत विद्यालय घेराबार
**उपभोक्ता समिति**: बयली आधारभुत विद्यालय घेराबार उपभोक्ता समिति, पोखरा-२१, कास्की
**योजना सम्झौता मिति** : २०८०/०३/०१ गते
**योजना सुरु मिति** : २०८०/०३/०२ गते
**योजना सम्पन्न मिति** : २०८०/०३/२० गते
**महानगरपालिकाबाट** : रु. ६,०९,४१४/३३
**जम्मा लागत** : रु. रु. ६,०९,४१४/३३

**राज्य लक्ष्मी परियार**
**अध्यक्ष**
**वयली आधारभुत विद्यालय घेराबार उपभोक्ता समिति, पोखरा-२१, कास्की**


# पहिरोले विद्यालय भवन पुरिएपछि पठनपाठनमा समस्या

**पोखरापत्र संवाददाता**
पर्वत, २० असार

अबिरल वर्षासँगै आएको पहिराले कक्षाकोठा पुरिँदा यहाँको एक विद्यालयमा पठनपाठनमा समस्या भएको छ।

पर्वतको फलेवास नगरपालिका-२ को थापाठानामा आएको पहिरोले थापाठाना माध्यमिक विद्यालय दुई वटा भवन पुरेपछि समस्या भएको हो।

असार १४ गते राति आएको अबिरल वर्षापछि गएको पहिराले विद्यालयको तीन-तीनकोठे दुईवटा भवनमा क्षति पुऱ्याएको विद्यालयका प्रधानाध्यापक विष्णु शर्माले जानकारी दिनुभयो। विद्यालय बिदा भएको समयमा पहिरो आएकाले मानवीय क्षति नभएको उहाँको भनाइ छ।

"अबिरल वर्षासँगै विद्यालयमा माथिबाट पहिरो खस्यो, उक्त दिन बिदा भएका कारण मानवीय क्षति भएन", उहाँले भन्नुभयो । विद्यालयमा पहिराले क्षति पुऱ्याएसँगै कक्षाकोठाको अभाव भएको उहाँको भनाइ छ । "अहिले तत्कालका लागि केही गर्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "बर्खायाम भएकाले अझै क्षति हुने सम्भावना छ ।" उहाँले वर्षे बिदापछि कक्षा सञ्चालन हुने भएकाले वैकल्पिक कक्षाकोठाका लागि व्यवस्थापनमा समस्या हुने बताउनुभयो । विद्यालयले जग्गा अभावका कारण दुई ठाउँमा कक्षा सञ्चालन गरिरहेको छ। विद्यालयमा नर्सरीदेखि कक्षा ८ सम्मको आधारभूत तह सञ्चालन भइरहेको छ। शर्माका अनुसार एउटा तीनकोठे भवन २०७५ सालमा रु ३१ लाख ५० हजारमा निर्माण गरिएको हो भने अर्को भवन २०७६ सालमा रु १६ लाख २० हजारमा २०७६ सालमा निर्माण गरिएको थियो । ठेकेदारको लापरबाहीका कारण विद्यालयमा क्षति पुगेको स्थानीयको भनाइ छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २४ कास्कीकोट स्थित देउराली वि.क. गाउँ फुल्सेडाँडा मोटरबाटो स्तरोन्नती कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः राती खहरे खोलामा तटबन्धन योजना
(कर्मचारी स्वर्णिम अवकाश योजना)
ठेगानाः पोखरा-१५, राती खहरे खोला
योजना सुरुहुने मितिः २०८०/०३/११ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/२० गते
योजनाको कुल लागत : रु. १०,३२,०००।-
जम्मा खर्च लागत : रु. ६,०२,१७५/७७
महानगरपालिकाबाट : रु. १०,३२,०००।-
उपभोक्ता समिति अध्यक्षः पशुपति सुवेदी, उपाध्यक्षः डोलेन्द्र मल्ल, कोषाध्यक्षः जमुना घर्ती, सचिवः लक्ष्मण जि.सी.
सदस्यः बुद्धि बहादुर बानियाँ, निर्मला खड्का (अछामी), रामेश्वर वानियाँ अनुगमन समितिः तेरण बानिया वडा अध्यक्ष, बलाराम पौडेल वडा सदस्य, तारा खत्रीः सदस्य

**राती खहरे खोला तटबन्धन नियन्त्रण योजना उपभोक्ता समिति पोखरा-१५, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ मट्ठिखानमा रहेको कोट कालिका मन्दिर परिसरमा शौचालय निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : मट्ठिखान कोटकालिका मन्दिर शौचालय निर्माण
**उपभोक्ता समिति**: मट्ठिखान कोटकालिका मन्दिर शौचालय निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
**योजना सम्झौता मिति**: २०८०/०२/०८ गते
**योजना सुरु मिति** : २०८०/०२/०९ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/१५ गते
**महानगरपालिकाबाट** : रु. १०,००,०००/-
**जम्मा लागत** : रु.१०,००,०००/-

**उपभोक्ता समिति**
**अध्यक्ष** : डम्वर बहादुर गुरुङ
**उपाध्यक्ष**: क्या. हिरा बहादुर खत्री
**सचिव**: इन्द्रबहादुर खत्री
**कोषाध्यक्ष**: हरि कुमारी गुरुङ
**सदस्यहरु** : राजकुमार थापा, कृष्ण बहादुर खत्री, सावित्री खत्री, कमला कुमारी गुरुङ, नर्मला गुरुङ

**अनुगमन समिति**
**संयोजक** : श्री राम सुवेदी
**सदस्य** : तिलक खड्का
**सदस्य**: सकुन्तला सुवेदी


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



**जन्मः २००६/१०/०१ गते**

**स्व. विष्णुमाया गुरुङ**

**स्वर्गारोहणः २०८०/०३/१७ गते**

**गोरखा तमु समाज कास्कीका कार्यसमिति सदस्य पोखरा महानगरपालिका वडा नं. १६ लामाचौर (यम्दी नयाँ पुल) निवासी कुमार गुरुङको ममतामयी आमा कर्ण बहादुरको श्रीमती विष्णुमाया गुरुङ को ७४ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज ५ औं दिनको पुण्य तिथि एवं शुद्धि कार्यको आवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**गोरखा तमु समाज कास्की परिवार**
**पोखरा-१५, नयाँगाउँ**